# खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
खैरहनी, चितवन

बागमती प्रदेश, नेपाल

पत्र संख्याः शिक्षा २०७७।०७८

चलानी नम्वरः 2692

मितिः २०७७।०८।२४

श्री सामुदायिक विद्यालय सबै

खैरहनी नगरपालिका चितवन।

**विषयः दिवाखाजा व्यवस्थापन सम्वन्धमा।**

प्रस्तुत विषयमा आ.व. २०७७।०७८ मा कार्यक्रम सञ्चालन गर्ने गरी संघीय सरकारबाट यस नगरपालिकामा प्राप्त हुन आएको शिक्षा तर्फको कार्यक्रम मध्ये सामुदायिक विद्यालयमा अध्ययनरत प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुको लागि दिवाखाजा वापतको रकम उपलव्ध गराउन प्रति विद्यार्थी दैनिक रु १५।- का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने व्यवस्था रहेकोले तपशिलमा उल्लेखित निर्देशनको पालनागरी मिति २०७७ पौष १ गतेबाट लागुहुने गरी बालबालिका हरुलाई दिवाखाजा खुवाउने व्यवस्था मिलाउनु हुन यस नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुलाई अनुरोध गरिन्छ।

**तपशिलः**

**१ दिवाखाजा रकम निकासाः**

- २०७७ मंसिर महिनामा दिवाखाजा खुवाएका विद्यालयहरुले रकम माग गर्ने र रकम माग गर्दा वि.व्य.स. को निर्णयको प्रतिलिपि सहित विद्यार्थीको हाजिरी (परीक्षामा सामेल भएकोदिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र अध्यक्षबाट प्रमाणित गराई मिति २०७७ मंसिर मसान्त भित्र पेश गरी सक्नु पर्नेछ। उक्त विवरण प्राप्त भए पछी मात्र रकम निकासा गरिनेछ।
- विद्यालयले पेश गरेको विद्यार्थी संख्या र विद्यालयले भरेको २०७७ को IEMIS विवरणको आधारमा २०७७ पौष र माघ महिनाको दिवाखाजाको रकम निकासा गरिएकोछ।

**२. दिवाखाजा रकम निकासा माग गर्दा र प्रगति विवरण पठाउदा निम्न प्रक्रिया अवलम्वन गर्नेः**

- निकासा माग गर्दा विद्यालयमा अध्ययनरत बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाको मात्र हाजिरीको आधारमा संख्या एकिन गरी रकम माग गर्ने।
- रकम माग गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय समावेश गर्नुपर्ने।
- माग फाराम प्रत्येक चौमासिकको तयार गरी चौमासिक शुरु भएको महिनाको पहिलो हप्तामै पेश गर्नुपर्ने।
- प्रगति विवरण पठाउदा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र वि व्य स अध्यक्षबाट प्रमाणित गराई मासिक रुपमा पठाउने।
- विद्यालयले विद्यार्थीको दैनिक हाजिरीलाई मासिक रुपमा प्रमाणित गरी विद्यालयमै सुरक्षित राख्ने र नगरपालिकाबाट माग भएको समयमा प्रमाणित प्रतिलिपि उपलव्ध गराउने।
- मागफाराम र प्रगति विवरणको नमुना यसै साथ उपलव्ध गराइएको छ।

**३. दिवाखाजाको मापदण्ड गुणस्तर व्यवस्थापनको आधारः**

**(क) दिवाखाजाको सन्दर्भः**

खाना भोक हटाउन मात्र नभई शरीरलाई आवश्यक पर्ने सुक्ष्म पोषक तत्व (Micronutrient) र वृहतपोषक तत्व (Macronutrient) आपुर्तिको लागि आवश्यक हुन्छ। निर्धारित मात्रामा आवश्यक पोषक तत्व भएको स्वच्छ खाना स्वस्थ्यकर मानिन्छ। स्वस्थ्यकर

स्थानीय शिक्षा अधिकारी

# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः शिक्षा २०७७।०७८
चलानी नम्वरः २६१२

खानाले शारिरीक स्वास्थ्य कायम गर्न सहयोग गर्ने भएकोले खाना पोषक तत्वयुक्त सफा र स्वच्छ हुनुपर्छ । खानामा उपलव्ध हुनुपर्ने पोषक तत्वको मात्राको राष्टिय मापदण्ड अनुरुपका खाना मात्र उपलव्ध गराउने प्रचलन संसारका धेरै देशहरुमा छ ।

विश्व स्वास्थ्य संगठनले ४ देखि १० वर्ष उमु समुहका बालबालिकाको उपभोग्य खानामा उपलव्ध हुनुपर्ने वृहत पोषक तत्व क्यालोरी, प्रोटिन र फ्याट र सुक्ष्म पोषक तत्व आयोडिन, आइरन, जिङ्क, भिटामिन ए र वि को मात्रा र सो मध्ये दिवाखाजा बाट आपुर्ति हुनुपर्ने पोषक तत्वको मात्रा निर्धारण गरेको छ । सामान्यतया ४-९ उमेर समुहका बालबालिकाको उपभोग्य खाना तथा खाजाका उपलव्ध हुनुपर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा सहितको दिवाखाजाको पोषण स्तरको मापदण्ड तपशिलको तालिका अनरुपको अपनाउन सकिने ।

**(ख) दिवाखाजाको मात्राः**

४-९ वर्ष उमेरका बालबालिकाको लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा हुनु पर्दछ ।

| पोषक तत्व | दैनिक आवश्यक पोषक तत्वको मात्रा | दिवाखाजाबाट अपुर्ति हुनुपर्ने पोषक तत्वको मात्रा (३०% ) |
|---|---|---|
| **वृहत पोषक तत्व** | | |
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट (ग्राम) | ४८ | १४ |
| **सुक्ष्म पोषक तत्व** | | |
| आयोडिन (माइक्रोग्राम) | १२० | ३६ |
| आइरन ( मिलिग्राम) | १७.८ | ५.४ |
| जिङ्क | ११.२ | ३.४ |
| भिटामिन ए | ३३ | ११ |
| भिटामिन वि | १२ | ४.१ |

स्रोतः दैनिक आवश्यक पोषक तत्वको मात्रा विश्व खाद्य संगठनबाट प्रकाशित सामाग्रीबाट लिइएको ।

**(ग) विद्यालयबाट दिवाखाजा व्यवस्थापनका सम्भाव्य मोडलहरुः**

विद्यालयबाट दिवाखाजा व्यवस्थापनका सन्दर्भमा तपशिलका मोडल मध्ये उपयुक्त मोडल वि.व्य.स. बाट छनौट गरी कार्यान्वयन गर्नेः

**१. विद्यालयबाट दिवाखाजा व्यवस्थापनः** विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खाजा खुवाउने व्यवस्था मिलाउने । यसका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवाखाजा तयार गरी विद्यार्थीलाई उपलव्ध गराउने । यसरी व्यवस्था गर्दा दिवाखाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषक तत्वको सुनिश्चिततामा ध्यान पुर्याउनु पर्नेछ । वि.व्य.स ले अभिभावक आमा समुह मार्फत खाजा व्यवस्थापनको प्रतक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अभिभावक आमा समुह मार्फत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी दिवाखाजा तयार गराई खुवाउने व्यवस्था मिलाउन सक्नेछ । खाजाको लागि आवश्यक पर्ने मात्रा, स्वच्छता र पोषक तत्वका सुनिश्चितताको सम्वन्धमा आमा समुहलाई अभिमुखीकरण गर्नु पर्नेछ । यसरी खाजा व्यवस्थापन गर्दा व्यवस्थापन समितिले नियमित अनुगमन गर्नु पर्नेछ ।

स्थानीय शिक्षा अधिकारी

# खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा, युवा तथा खेलकुद शाखा
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्याः शिक्षा २०७७।०७८
चलानी नम्वरः २६९२

२. न्यून **(बालविकास केन्द्र देखि कक्षा ५ सम्म ३० जना भन्दा कम)** विद्यार्थी संखषा भएका विद्यालयमा दिवाखाजा विद्यालयमै तयार गर्न कठिनाई हुने अवस्था भएमा कक्षाका बालबालिकालाई आवश्यक पर्ने मात्रा, स्वच्छता र पोषणयुक्त हुने गरी दिवाखाजा

घरबाटै तयार गरी पठाउने व्यवस्था मिलाउन सकिनेछ। विद्यार्थीले घरबाट ल्याएको खाजा नियमितता र गुणस्तर अनुगमन विद्यालयबाट गर्ने व्यवस्था मिलाउने। यस कार्यका लागि तोकिएको प्रति विद्यार्थी लागत अनुदान विद्यालयले सम्वन्धित विद्यार्थीको अभिभावकलाई उपलव्ध गराउने।

**(घ) विद्यालय व्यवस्थापन समितिको भुमिकाः**
विद्यालयमा समग्र व्यवस्थापनको मुख्य जिम्मेवारी कानुनी रुपमै विद्यालय व्यवस्थापन समितिको हुने भएकोले मापदण्ड अनुसारको गुणस्तरीय खाजा उपलव्ध गराउने जिम्मेवारी पनि विद्यालय व्यवस्थापन समितिको हुनेछ। समितिको जिम्मेवारी निम्न अनुसार हुनेछः
१. विद्यालय दिवाखाजा कार्यक्रमको कार्ययोजना निर्माण गर्ने सो अनरुप कार्यान्वयन गर्ने।
२. विद्यालयमा तोकिएको मापदण्ड अनरुपको मात्रा, स्वच्छता र पोषक तत्वयुक्त दिवाखाजा व्यवस्थापनको सुनिश्चितता गर्ने।
३. खाजा तयारी, व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरुको संलग्नता र सहभागिता सुनिश्चित गर्ने।
४. विद्यालय दिवाखाजाको अभिलेख राख्ने र राख्न लगाउने।
५. शिक्षण सिकाइको समय न्यून हुन नदिन खाजा तयारी तथा व्यवस्थापनमा शिक्षक संलग्नतालाई सकभर हटाउने।
६. स्थानीय कृषि उत्पादनबाट दिवाखाजाका लागि आवश्यक खाद्य सामाग्री उपलव्ध हुने व्यवस्था मिलाउने।
७. दिवाखाजा व्यवस्थापनमा देखापरेका समस्या पहिचान गरी सामाधानका उपाय अवलम्वन गर्ने।
८. प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनु पूर्व दिवाखाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्वन्धमा अभिभावक, आमा समूह र शिक्षक स्टाफ विच समिक्षा गरी प्रतिवेदन र वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने।

**(ङ)** माथि उल्लेखित जुनसुकै मोडेलबाट दिवाखाजा व्यवस्थापन गरिए पनि विद्यालयमा चाउचाउ, विस्कुट लगायत प्याकेटमा आउने कुनैपनि किसिमका खाना दिवाखाजाको रुपमा प्रयोग गर्न पाइने छैन।

बोधार्थः
श्री वडा कार्यालय सवै
खैरहनी नगरपालिका चितवनः जानकारीको लागि।

श्री सूचना प्रविधि शाखाः वेभ साइटमा अपलोड गरिदिनु हुन।

२०७७।८।२८
राजु बानियाँ
स्थानीय शिक्षा अधिकारी

स्थानीय शिक्षा अधिकारी